अन्तिम लेखापरीक्षण प्रतिवेदन

लिखु गाउँपालिका
ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

लिखु गाउँपालिका
ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

लिखु गाउँपालिका

ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

तोयम राया

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ६२

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू,
लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ८१ लाख ३१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फस्र्यौटको लागि अनुरोध भई नआएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२७ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५० लाख २२ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २ लाख १६ हजार र पेस्की बाँकी रू.१ लाख १० हजार समेत रू.१ करोड ८१ लाख ३१ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू.९ करोड २३ लाख ३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.१० करोड १२ लाख ८३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

लिखु गाउँपालिका,

ओखलढुंगा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्योंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५१	६६	१८१३१	०	०	०	५१	६६	१८१३१	२७८३	१०२१६	५०२२	०	०	१५२३८	११०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ओखलढुंगा	९२३०३	०	९१५१	८३१५२	०	१८१३१	१०१२८३

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं.	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	प्रतिक्रियाबाट फस्योंटको लागि पालिकाबाट अनुरोध भई नआएको		
	चालु वर्षको जम्मा	-	-	-
	गत विगत वर्षतर्फको			
१	२०७८।७९	२९	श्री जाल्पा मा.वि. को पेस्की फस्योंटको प्रमाण पेश	६५००००
२		३०	तारा देवी सार्कीलाई लगत कट्टा भएपछि भएको भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश	७९८०
३		५९	ज.स्वा.नि. दिनानाथ चौधरी र सि.अ.हे.ब मानहरी अधिकारीको पारिश्रमिक कर दाखिला गरेको प्रमाण पेश	२४७९८
४		६७	६ वटा विद्यालयले वितरण गरेको गैर आवासिय छात्रवृत्ति अनुदान रकमभन्दा बढी निकासा फिर्ता गरी प्रमाण पेश	१०५२००
५		६८	६ वटा विद्यालयको छुट अग्रिम आयकर दाखिला गरेको प्रमाण पेश	१३३३८५
६		६९	बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश	२००७१६
७		७१	बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश	२६०००
	जम्मा			११४८०७९
१	२०७७।७८	२७	नियमित भएको प्रमाण पेश	८७४५१८
२		३२.१	नियमित भएको प्रमाण पेश	५५८४७१२.९२
३		४३	अ.न.मि देवी लुईटेललाई बढी भुक्तानी भएको रकम असुल गरेको प्रमाण पेश	५८२
४		४४	नियमित भएको प्रमाण पेश	५६६६९५
	जम्मा			७०२६५०७.९२

	२०७६।७७	-	-	-
१	२०७५।७६	२४	लक्षित समूहका लागि गर्नु पर्ने खर्च महिला स्वयंसेविकालाई भत्ता रुपमा लेखिएको खर्च नियमित भई आएको	४९२०००
२		३१	एम.आई.एस प्रणालीमा प्रविष्ट नभएको सासु भत्ता वितरणको नियमित भई आएको	४४९६००
३		५४	चालुबाट खर्च लेख्नुपर्नेमा पुँजीगतबाट खर्च भएको रकम नियमित भई आएको	३५०००
	जम्मा			९७६६००
	गत विगतको जम्मा			९१५११८६.९२
	कुल जम्मा			९१५११८६.९२

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) लिखु गाउँपालिकाको परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। यो गाउँपालिका कुल ८८.०३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा विभाजन गरिएको छ। बि.सं. २०७८ सालको प्रारम्भिक जनगणना अनुसार गाउँपालीकाको कुल जनसंख्या १२ हजार १ सय ४ जना रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१७ देखि २०८०।५।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको अनुदान प्राप्तितर्फ रू.३१,४१,५९,३०९।-, राजश्वतर्फ बाँडफाडतर्फ

रू.५,८८,३१,४७१।-, आन्तरिक आम्दानीतर्फ रू.२६,८०,५७२।- अन्य कारोबारतर्फ रू.२,६२,०००।-गरी कुल आय रू.३७,५९,३३,३५२।-, व्ययतर्फ चालु खर्चतर्फ रू.२५,१३,२०,३९७।-, पुँजीगत खर्चतर्फ रू.१४,१२,२८,५७५।- र अन्य खर्चतर्फ रू.९०,१२,३१४।- गरी कुल रू.४०,१५,६१,२८६।- गरी यस वर्ष पालिकाको जम्मा रू.७७,७४,९४,६३८।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.२७,९२३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रू.
१	पारिश्रमिक कर	२७९२३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति भुक्तानी हिसाव					
विवरण	यस वर्ष रू.			गतवर्ष रू.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ति (क+ख)	४५५५२६५४०.४	३७५९३३३५३.८८	३७५९३३३५३.८८	४०२८०३२१५.७३	४०२८०३२१५.७३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	४४५५०८३७६.९३	३७५९३३३५३.८८	३७५९३३३५३.८८	३७९३५८८२१.८४	३७९३५८८२१.८४
११००० कर	७४७९८७७४.	५९३३१४७१.७५	५९३३१४७१.७५	५६४६३५२१.२१	५६४६३५२१.२१
१३००० अनुदान	३४३०४९०००.	३१४१५९३०८.४६	३१४१५९३०८.४६	३२१२६९७३१.६३	३२१२६९७३१.६३
संघीय सरकार	३१६८६९०००.	२९१०१७५९१.६६	२९१०१७५९१.६६	२९७८८६७३१.६३	२९७८८६७३१.६३

प्रदेश सरकार	२६१८००००.	२३१४१७१६.८	२३१४१७१६.८	२३३८३०००.	२३३८३०००.
१४००० अन्य राजस्व	३२५३२२५.	२१८०५७३.६७	२१८०५७३.६७	७०९५६९.	७०९५६९.
१५००० विविध प्राप्ति	५०००००.	२६२०००.	२६२०००.	९१६०००.	९१६०००.
३२००० वित्तीय सम्पत्ति	२३९०७३७७.९३	०	०	०	०
ख. अन्य प्राप्ति	१००१८१६३.४७			२३४४४३९३.८९	२३४४४३९३.८९
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरु	१००१८१६३.४७	०	०	२३४४४३९३.८९	२३४४४३९३.८९
धरौटी	०	०	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
भुक्तानी (ग+घ)	४५५५२६५४०.४	४०१५६१२८७.१९	४०१५६१२८७.१९	३९६९९१९५१.७८	३९६९९१९५१.७८
ग. भुक्तानी (सञ्चित कोषबाट)	४४५५०८३७६.९३	३९२५४८९७१.४	३९२५४८९७१.४	३७०३५२०४५.१२	३७०३५२०४५.१२
२१००० पारिश्रमिक / सुविधा	६९२७५५१०.	५६९५९३३८.९४	५६९५९३३८.९४	५२५०७०८६.६२	५२५०७०८६.६२
२२००० मालसामान तथा सेवाको उपयोग	८०६४९५२८.९३	६७८१५७१७.०८	६७८१५७१७.०८	६२७२५२६३.४९	६२७२५२६३.४९
२५००० सहायता (Subsidy)	१०५०९५००.	९६५९८३२.९७	९६५९८३२.९७	७३८३६५०.	७३८३६५०.
२६००० अनुदान	१०५७६७०००.	१०२८४५२७४.४	१०२८४५२७४.४	९३६०९३८६.३१	९३६०९३८६.३१
२७००० सामाजिक सुरक्षा	८७६५०००.	७४३३४६३.	७४३३४६३.	९२०७२७९.	९२०७२७९.

२८००० अन्य खर्च	८७१७८६२.	६६०६७७०.२२	६६०६७७०.२२	६२०८००.	६२०८००.
३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च	१६१८२३९७६.	१४१२२८५७४.७९	१४१२२८५७४.७९	१४४२९८५७९.७	१४४२९८५७९.७
घ. अन्य भूक्तानी	१००१८१६३.४७	९०१२३१५.७९	९०१२३१५.७९	३९६९९१९५१.७८	३९६९९१९५१.७८
कोषहरु	१००१८१६३.४७	९४६४८११.७९	९४६४८११.७९	२६६३९९०६.६६	२६६३९९०६.६६
धरौटी	०	०	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-४५२४९६.	-४५२४९६.		
ङ. यो वर्षको बचत (न्युन)		-२५६२७९३३.३१	-२५६२७९३३.३१	५८११२६३.९५	५८११२६३.९५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		४२३१७९२७.९९	४२३१७९२७.९९	१२९८०१३५.१८	१२९८०१३५.१८
वर्षान्तको बाकी रकम (ङ + च)		१६६८९९९४.६८	१६६८९९९४.६८	१८७९१३९९.१३	१८७९१३९९.१३
बैंक तथा नगद बाकी		१६६८९९९४.६८	१६६८९९९४.६८	२०७९४२१३.७४	२०७९४२१३.७४

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.८८,८२,७३५।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.३,०९,२०,८३१।- समेत गरी रू.११,९७,४८,१८२।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको

चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.२,८२,९७,९१६।- मौज्दात रहेकोमा यो वर्ष रू.४,२३,१७,९२७।९९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१,४०,२०,०११।९९ बढी जिम्मेवारी सारेकोछ। जिम्मेवारी फरक पारेको सम्बन्धमा स्पस्ट पारिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । बैक हिसाव मिलान नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार बैङ्क मौज्दात रू.१,६६,८९,९९४।६८ र वास्तविक बैक मौज्दात रू.१,६९,८६,८९१।०९ देखाएकोले रु श्रेस्ता भन्दा बैक मौज्दात रू.२,९६,८९३।४० बढी देखाएकोछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन। बैक हिसाव मिलान तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ आन्तरिक नियन्त्रण प्रणाली

आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरकोविकासकागि आवधिक योजना वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरेको देखिएन,
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, ससर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन.
- निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,
- गाउँपालिका अध्यक्षले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको पाईयो,
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेर नराखेको,

- स्वीकृत कार्यक्रमःअनुसार मासिक खर्च गर्नु पर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो बमोजिमको विवरण तयार गरेको देखिएन,
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,
- बेरुजु लगतः म. ले. प. फाराम ८०१- बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको देखिएन,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम**

४.१ **नीति तथा कार्यक्रम र बजेट विच तालमेल -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तर्जुमा सम्बन्धी व्यवस्था छ । नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि गुरु योजना बनाई शिक्षाको स्तरोन्नती गरिने, स्थानीय स्तरको विकासको लागि वार्षिक योजना बनाई लागू गरिने, योजनाबद्ध विकासको शुरुवात गर्न स्थानीय सरकारको आवधिक गुरुयोजना तयार गरी तिब्र रुपमा काम सञ्चालनलाई अगाडी बढाउने, पर्यटन मैत्री संरचना निर्माण गर्न तथा पुर्वाधार निर्माण गर्न विस्तृत पर्यटन गुरुयोजना बनाई कार्यान्वयन गरिने, किसान सूचीकरण, वाली र पशुपंक्षी बीमा कार्यक्रमलाई व्यवस्थित गरिने उल्लेख छ तर यि विषयहरुलाई बजेटले समेटेको देखिएन । नीति तथा कार्यक्रम अनुसार बजेट निर्माण भई सो अनुसारको कार्यान्वयन गरी विकास, समृद्धि र सुशासन प्राप्ति हुन जाने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू. ४० करोड ९० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्ने तथा समयमै अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.४ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ राजश्व शीर्षक ११००० देखि १४००० सम्मका मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.६४९५३१८।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. २५८९६०१।०३ अर्थात अनुमान भन्दा ४१.२६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

४.७ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१४१५९३०९.००	२६८०५७३.००	०.८५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.८ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाबाट यस वर्ष जम्मा रू.२६,८०,५७२।- राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने अभिलेख तथा मलेप फारम नं नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकाले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन। निम्न आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	११५०९६०	१०००००	८.६८
भुमिकर/ मालपोत कर	१६६४७३३	३०००००	१८.०२
घरजग्गा वहाल कर	१८६०००	०००	००
व्यवसाय कर	८००००	८०००००	१०००
वहाल विरौटी शुल्क	१६८०००	००	०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४.९ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.८,००,०००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ

पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४.१० **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.११ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष बैक मौज्दात बाँकीलाई बजेट अधिवेशनबाट बाँडफाँट नगरी योजनामा रू.१,४२,७३,१५२।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अबण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका योजना उदाहरण देहाय अनुसार छन्:

क्र सं.	योजनाको नाम	बजेट रकम रू.	बजेट / खर्च रकम रू.
१	प्रदेश अनुदान फिर्ता	७१८७८६२	५५४८८२०.२२
२	विद्यालय कर्मचारी सहजकर्ता अपुग तलब	११२३५००	११२३५००
३	मोटरसाईकल खरिद	३५०००००	३५०००००
४	स्वास्थ्य उपकरण	७०००००	७०००००
५	खेलकुद विकास कार्यक्रम	५०००००	४८६९०१
६	गाउपालिका जग्गा प्राप्ति	१००००००	७७५०००
७	जग्गा वर्गिकरण	१००००००	०
८	गाम्नाङ्गटार सडक स्तरोन्नती	७०००००	७०००००
९	गा प सडक मर्मत भैपरी	१००००००	९७००००
१०	तिज विशेष	१०००००	५५३८५
११	खोरोण्डे खोला घोरेटो बाटो	२०००००	२०००००
१२	डुडे सिम्ले कुलो मर्मत	५००००	५००००

१३	वडा नं २ को वडा कार्यालय मर्मत	२०००००	१६३५४६
	जम्मा	**१७२६१३६२**	**१४२७३१५२**

सैद्धान्तिक बेरुजु

४.१२ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१४,१२,२८,५७५।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.१३ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम / योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति				कुल खर्च
		शून्यप्रगति	१-२५%	२५-५०%	५०-७५%	
२२५२२	१२०	१७	०	३	१०	३२२६६५००
२६४१२	२६	०	१	२	१२	१०२८१९२३५
३११००	२६२	२४	४	८	१२	१४१२२८५७५
जम्मा	४०८	४१	५	१३	३४	२७६३१४३१०

- ४०८ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ४१ वटा लगायत ७५ प्रतिशत भन्दा प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ५९ वटा रहेकोछ ।
- शुन्य प्रगती हासिल हुनको कारण बजेट नै अर्को कार्यक्रममा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ४१वटा शुन्य प्रगति भएको देखिन्छ ।
- ४०८ आयोजना मध्ये खर्च नै नभएको ४१ योजना तथा कार्यक्रम बाहेक ३६७ योजना तथा कार्यक्रममा रू.२७,६३,१४,३१०।- खर्च गरेको छ ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न प्राथमिकता प्राप्त योजना मागमा आधरित रहेर छनौट गरी कार्यान्वयनमा ल्याई सत प्रतिशत लक्ष्य प्राप्तितर्फ ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

४.१४ **योजना तर्जुमा तथा कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । रू.१ लाख भन्दा कमका ३८ योजना कार्यान्वयन गरेर रू.३०,७१,८६४।- र रू.१ लाख भन्दा बढी रू.५ लाख भन्दा कमका १५१ आयोजना कार्यान्वयन गरी रू.३,६३,०४,९१४।- खर्च गरेको छ भने जसमध्ये रू. ५ लाख भन्दा कम रकमका संघीय सरकार ससर्त पुँजीगततर्फ २१ योजनामा रू.५८,२३,२५२।- र प्रदेश सरकार पुँजीगत ससर्त अनुदानबाट ११ योजनाको लागि रू.२९,३४,८७८।- खर्च गरेकोछ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष निर्माण कार्यका योजनाहरु देहायअनुसार छन्ः

विवरण	योजना संख्या	रू.
०	१३	०
१ लाख सम्म	३८	३०७१८६४
१ देखि ५ लाख सम्म	१५१	३६३०४९१४
५ देखि १० लाख सम्म	३५	२५३०६३३१
१० देखि २० लाख सम्म	११	१२५४२८१२
२० देखि ५० लाख सम्म	८	१९२५०२७९
५० लाख देखि माथी	६	४४७५२३७४
जम्मा	**२६२**	**१४१२२८५७४**

सैद्धान्तिक बेरुजु

४.१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेखछ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि. नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन रकम रू.	खर्च रकम रू.	खर्च (%)
१	आर्थिक विकास	४९३६२५०८	३७३२५९३९	९.५१

२	सामाजिक विकास	२०७३५७०४०	१९३५४०९५६	४९.३
३	पूर्वाधार विकास	९२६१४४६८	८३१३७४४८	२१.१८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	११४०००००	९४६१५४५	२.४१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८४७७४३६१	६९०८३०८३	१७.६
कुल जम्मा		**४४५५०८३७७**	**३९२५४८९७१**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रू.४४,५५,०८,३७७।- मा रू.३९,२५,४८,९७१।- मध्ये सबैभन्दा बढी खर्चको अंश सामजिक विकासमा ४९.३० प्रतिशत र सुशासन र अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २४१ प्रतिशत रहेको छ । आर्थिक विकास तथा पुर्वाधारको क्षेत्रमा लगानी बढाई स्थानीय रोजगार तथा आय आर्जनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.१६ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्रैमासिक प्रगति विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशीर्षक	कुल खर्च रू.	त्रैमासिक खर्च रू.				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१४१२२८५७४	३४१९७६	१७६७६५८०	२९०७०३९५	९४१३९६२३	६३९८७१०३
प्रतिशत	१००	०.२४	१२.५२	२०.५८	६६.६६	४५.३१

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रू.१४,१२,२८,५७४।-निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.३,४१,९७६।- (०.२४प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१,७६,७६,५८०।- (१२.५२प्रतिशत), तेस्रो त्रैमासिकमा रू.२,९०,७०,३९५।- (२०.५८ प्रतिशत) र चौथो त्रैमासिक रू.९४,१३९,६२३।- (६६.६६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.६,३९,८७,१०३।- (४५.३४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.१७ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू.२६,८०,५७३।- राजस्व बाँडफाँटबाट रू. ५,८८,३१,४७२।-, अनुदानबाट रू.३१,४१,५९,३०८।- तथा अन्य प्राप्ति लगायत रू.३७,५९,३३,३५४।- प्राप्ति

भएकोम चालुतर्फ रू.२५,१३,२०,३९६।- र अन्य कोषतर्फ रू.९०,९२,३९६।- र पुँजीगततर्फ रू.१४,१२,२८,५७५।- समेत रू.४०,१५,६१,२८७।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७८,३०,५००।- खर्च भएको छ जुन आन्तरिक आयको २९२.१२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६६.६८ प्रतिशत चालु र ३७.५६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.१८ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५(१) र (२) अनुसार खर्च नभइ बाँकी रहेका रहेको ससर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम फिर्ता गर्नुपर्ने उल्लेखछ । नेपाल सरकार तथा प्रदेश सरकार ससर्त समपुरक तथा विशेष अनुदानतर्फ रू.२५ करोड ५३ लाख ४१ हजार निकासा आम्दानी प्राप्त गरेकोमा रू.२३ करोड २५ लाख १३ हजार ८६९ खर्च गरी रू.२ करोड २८ लाख २७ हजार १३१ बाँकी देखिएको फिर्ता गर्नुपर्नेमा रू.२ करोड २१ लाख १२ हजार १३० श्रावण महिनामा फिर्ता गरेको र बाँकी दिर्घरोगी सोधभर्ना खर्च रकम रहेको देखिन्छ ।वर्षान्तमा नै फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी हिसाव मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.१९ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर लिखु गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको देखिएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ कानुन निर्माण एवं कार्यान्वयन

५.१ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, १३ वटा नियमावली, २६ कार्यविधि, ७ निर्देशिकाहरु, ३ मापदण्डहरु र १ वटा नीति समेत जम्मा ८२ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस पालिकाले सबै कानुन वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरी कार्यान्वयनमा ल्याएको छ। पालिकाले स्वीकृत गरी राजपत्रमा छापिएका कानुनहरुको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.२ **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनुपर्दछ। पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ। साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ।तर यस पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

६ सेवा प्रवाह

६.१ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको फस्यौंट हुन बाँकी नरहेको देखिन्छ भने यो वर्ष ६ बटा उजुरी तथा विवाद दर्ता भएको पाईयो। आर्थिक वर्ष २०७९।८० मा जम्मा ६ उजुरी तथा विवाद दर्ता रहेकोमा ३ वटा मात्र फस्यौंट भई ३ वटा विवाद फस्यौंट गर्न बाँकी रहेको पाईयो। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६.२ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को को परिच्छेद ३ दफा ११ (२) मा गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ। पालिकाबाट यस वर्ष नागरिकता सिफारिस,घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोकोआर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलब्ध गराउन सकेन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

क्र.सं.	विवरण	संख्या
१	स्वीकृत घर नक्सा दर्ता पास	२
२	जन्म दर्ता	६४४

३	मृत्यु दर्ता	२४७
४	बसाईसराई	५६
५	सम्बन्ध बिच्छेद	६
६	विवाह दर्ता	२३४

पालिकाबाट यस वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, विवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **जिन्सी निरीक्षण प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.२ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो पूर्णरुपमा गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.३ **अभिलेख खाता -** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म.ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन।

सैद्धान्तिक बेरुजु

७.४ **सवारी साधन मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू.३९,७८,२५८।- खर्च गरेकोमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा मर्मत कार्य खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ विपद् व्यवस्थापन कोष तर्फ

८.१ **जोखिम राहत वितरण -** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५ को दफा ८ को उपदफा ३ मा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मुल्यांकन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदन साथ संलग्न गरिएको हुनुपर्दछ । निम्न राहत प्राप्त कर्ता भनि उक्त नियमावलीको व्यवस्था विपरित बाढी पहिरो २०७९।६।७ को विपद् व्यवस्थापन समितिको निर्णय तथा गाउँ कार्यपालिकाको २०७९।६।८ गतेको निर्णय बमोजिम निम्न व्यक्तिलाई जोखिम मात्र उल्लेख गरी भुक्तानी भएको विवरण जोखिम बढेको भनि घटना नभई तथा खास जोखिमको मुल्यांकन नभइ वितरण गरेको राहत अनियमित देखिएको रू.

राहत प्राप्तकर्ता	विवरण	रकम रू.
पहल बहादुर कालिकोटे वडा नं २	दुहुना भैसी मरेको	१२०००
सहविरमगर वडा नं ६	खहरे खोला जोखिम बढेको	१५०००
लालबहादुर मगर वडा नं ६	खहरे खोला जोखिम बढेको	
तिल बहादुर मगर वडा नं ६	खहरे खोला जोखिम बढेको	

लाल बहादुर सार्की वडा नं ६	खहरे खोला जोखिम बढेको	
झप्पर बहादुर वडा नं ६क्याप्छाकी	खहरे खोला जोखिम बढेको	
तोया बहादुर क्याप्छाकी वडा नं ६	पहिरो अति जोखिम	८०००
तोया बहादुर क्याप्छाकी वडा नं ६	पहिरो अति जोखिम	८०००
रेवन्त वहादुर वोगटी वडा नं १	पहिरो जोखिम	७०००
नर बहादुर कार्की वडा नं १	पहिरो जोखिम	५०००
संकर बहादुर खड्का वडा नं १	आवत जावत बाटो वन्द	७०००
रुद्र वहादुर घिमिरे वडा नं	पहिरो जोखिम	७०००
डोर बहादुर वोगटी वडा नं १	घर जिर्ण	८०००
सोम बहादुर ढुङ्गेल वडा नं ९	पहिरो जोखिम	७०००
भिमबहादुर मगर वडा नं ९	पहिरो जोखिम	१००००
प्रेम बहादुर कार्की वडा नं ४	पहिरो जोखिम	६०००
अर्जुन श्रेष्ठ वडा नं ५	पहिरो जोखिम	१००००
जम्मा		**११००००**

अनियमित भएको	१,१०,०००

८.२ **वडा सचिवबाट राहत वितरण -** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५ को दफा ९ को उपदफा १ङ मा विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यावस्थापन सँग प्रत्यक्ष संम्बन्ध नभएका अन्य कुनै पनि कार्य गर्न गराउन पाईने छैन र सोही कार्यविधिको १(घ) मा विपद्बाट प्रभावितलाई दिइने तोकिए बमोजिमको राहत वाहेक अन्य कुनै पनि किसिमको आर्थिक सहायता उपलब्ध गराउन नपाउने व्यवस्था छ । पालिकाले विपद्संग असम्बन्धित क्षतिमा समेत विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने गरेको पाईयो। कार्यविधिले तोकेको क्षेत्र एकिन गरेरमात्र विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। पालिकाले भुक्तानी दिएका केहि उदाहरण निम्नानुसार छन्ः

राहत प्रासकर्ता	विवरण	रकम रू.
बावुराम बुढाथोकी वडा नं २	६ वटा वाखा मरेको	१००००
पहल बहादुर कालिकोटे वडा नं २	दुहुना भैसी मरेको	१२०००
प्रकाश गौतम वडा नं ६	७ वटा बाखा	१५०००
सुन्दरीदेवी श्रेष्ठवडा नं ३	दुहुना भैसी मरेको	१२०००
ज्ञान वहादुर पुलामी वडा नं ६	३ वोका मरेको	१५०००

दलबहादुर भुजेल वडा नं ३	लैन गाई मरेको	१००००
सुजन पाण्डे वडा नं ४	माछा मरेको	८०००
चेत वहादुर सार्की वडा नं ४	औषधी खर्च	५७८५
प्रकाश गौतम वडा नं ६	७ वटा बाखा	१५०००
	जम्मा	**१०२७८५**

सैद्धान्तिक बेरुजु

८.३ **विपद् व्यवस्थापन कोषः** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५ को दफा १० को उपदफा २ मा कोषबाट एक पटकमा २ हजार रुपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ । उदाहरणको रुपमा राहत वितरण २०७९।७।१६ बाट रु.४,८७,०००।- वडा सचिवलाई भुक्तानी गरी वितरण गरेको पाइयो । नियममा भएको व्यवस्था पालना गरी राहत वितरण गरिनुपर्दछ ।

वडा सचिव करार	वडा नं	रकम रू.
कल्पना ढुंगेल	वडा नं २	६६०००
गोकुल पौडेल	वडा नं ८	१७०००
थिरकुमार भट्टराई	वडा नं ७	१८०००
दिनेश खड्का	वडा नं १	६९०००
रेनुका थापा मगर	वडा नं ४	१०५०००
राजकुमार खड्का	वडा नं ९	४२०००
विनोद दाहाल	बडा नं ३	६६०००
विमला अधिकारी	वडा नं ५	५००००
होम हरी अधिकारी	वडा नं ६	५४०००
जम्मा		४८७०००

सैद्धान्तिक बेरुजु

९ पेस्की

पेस्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानुन बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको पेस्कीको विवरण राख्नुपर्ने व्यवस्था छ । निम्न व्यक्ति तथा संस्थाले लिएको पेस्की रकमको म्याद समाप्त भईसकेकोले असुल तथा फर्स्यौट गर्नु पर्ने रू.

पेस्की लिएको मिति	गो.भौ. नं.	पेस्कीको विवरण	पेस्की लिने ब्यक्ति,फर्म वा कम्पनीको नाम	म्याद नाघे/ ननाघे	रकम	फस्यौंटको अन्तिम म्याद
संस्थागत						
१२/०५/२०७९	१४५	जग्गाप्राप्ति	श्री यसममा वी	म्याद ननाघेको	५,००,०००	०१/१०/२०८०
१२/०५/२०७९	१४५	यसम मा.वि.जग्गा खरिद	श्री यसममा वी	म्याद ननाघेको	१,००,०००	०१/१०/२०८०
व्यक्तिगत						
०८/०८/२०७९	५९	बीमा तथानवीकरण खर्च	अनोजकाफ्ले	म्याद नाघेको	१,१०,०००	०९/१४/२०७९
कुल जम्मा पेस्की बाँकी					**७,१०,०००**	

पेस्की	१,१०,०००

१० आन्तरिक आय

१०.१ **एम्बुलेन्स आम्दानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।एम्बुलेन्स सेवा दिए वापत आम्दानी रू.३,३४,०००।- गरेकोमा रू.३,०५,२८८।- खर्च गरी रू.२८,७१२।- बचत गरेको देखिन्छ। एम्बुलेन्स सञ्चालन कार्यविधि तथा निर्देशिका बनाएको छैन । एम्बुलेन्स भाडा दर तथा छुटको विषय आर्थिक ऐनमा तोकिएको छैन ।गाह्रक सेवाग्राहीलाई नगदी रसिद दिने गरिएको छैन । एम्बुलेन्स चलेको लगबुक राखिएको तथा आम्दानी खर्चको विवरण राखिएकोछ ।आय व्ययमा उठ्न बाँकी रकम राखिएको छैन ।कार्यविधि बनाई एम्बुलेन्स सञ्चालन गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **जेसिवीको भाडा उठ्न बाँकी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।जेसिवि सञ्चालक संयोजक श्री धन व कार्कीको अध्यक्षतामा वसेको बैठकले मिति २०७९।८।१३ गते गरेको निर्णय अनुसार हालसम्म पनि जेसिवि भाडाको रकम असुल गरेको नदेखिएकोले सो रकम असुल गरी रू.१,६८,९००।- सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । निर्णय गर्दा जिम्मेवार व्यक्ति खुलाउनुपर्नेमा सो खुलाएको समेत देखिएन ।

विवरण	रकम रु
ग्रामोदय युग कवि विद्यालयको भवन निर्माण काममा निर्माण व्यवसायीले प्रयोग गरेको उठ्न बाँकी	६९००
वडा नं ३ बाट पुरानो रकम आउनुपर्ने भनि उल्लेख गरेको	२६०००
वडा नं २ मा काम भएको भरत कटुवाल	१५०००

चालु वर्षमा वडा नं ८ को वडाध्यक्ष ज्यूले संझौता गरी प्रयोग भएको	१२१०००
जम्मा	१६८९००

असुल गर्नुपर्ने	१,६८,९००

१०.३ **ढुङ्गा गिटि वालुवा बिक्रि अनुमति -** कोशी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६(१) मा प्रदेश भित्र प्राकृतिक स्रोत संकलन र विक्रि वापतको शुल्क अनुसुची ४ बमोजिम लगाई असुल गरिने उल्लेखछ । गाउ कार्यपालिकाको २०८०।०२।०५ गतेको निर्णय अनुसार लिखु खोलामा सञ्चालित हाईड्रोपावरको ड्याम सफा गरी थुपारी राखेको वालुवा ८३० घनमिटरको रु.५००।- प्रति घनमिटरले हुन आउने रू.४,१५,०००।- राजश्व असुली गरी एकपटकको लागि मात्र व्यवस्थापन गर्न अनुमति प्रदान गर्ने उल्लेख छ । लिखु गा पा ८ टारकेरावारीका छत्रवहादुर विष्टले २०८०।२।१४ मा वालुवा विक्रि वितरण सम्वन्धमा अनुमति माग्दै रु १ लाख जम्मा गरी बाँकी रू.३,१५,०००।- असार ७ गते यसपालिकाको राजश्व जम्मा गर्ने निवेदन उपर २०० घनमिटरको मात्र पालिका प्रमुख ज्यूले अनुमति दिन तोक लगाएकोले मात्र रू.१,००,०००।- राजश्व असुली भएको देखिन्छ । बाँकी ६३० घनमिटरको रू.३,१५,०००।- असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	३,१५,०००

१०.४ **उठ्न बाँकी आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । निम्न व्यक्ति तथा पदाधिकारी जिम्मेवार बनि निम्न स्थान देखि निम्न स्थानसम्म विरामी तथा सुत्केरीलाई एम्वुलेन्स सेवा दिदा उठ्न बाँकी रकम रू.२०,०००।- असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रू.

स्थान	दर	उठ्न बाँकी रकम	जिम्मेवार व्यक्ति
२०८०।१।१ देखि २०८०।३।३०			
नर्मदेश्वर देखि काठमाडौ	१४०००	७०००	गोपाल खड्का वडा नं ३
सिरिसे नर्मदेश्वर काठमाडौ	१४०००	६०००	किरण श्रेष्ठ वडा नं ३
२०७९।१०।११ देखि २०७९।१२।३०			
यसम देखि पोकली	३०००	३०००	कार्यालय
नर्मदेश्वर देखि मन्थली	६०००	४०००	गोपाल खड्का वडा नं ३

असुल गर्नुपर्ने	२०,०००

१०.५ **असुली गर्न बाँकी आन्तरिक आय –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आयमा पालिकाको कार्यालय भवन भाडामा लगाएर दाखिला

नभएको देहायअनुसार व्यक्ति र व्यवसायीबाट रू.७६,८००।- रकम असुल गर्न बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्रासिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जनासमेत यकिन गरी असुल गर्नुपर्ने रू.

क्र.सं.	पर्योगकर्ताको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	दाखिला रकम	बाँकी रकम
	रन्जित रायमाझी	कोठा भाडा	३२०० मासिक	०	३८४००
	एस के मोटरसाइकल	कोठा भाडा	३२०० मासिक	०	३८४००
	जम्मा रकम				**७६८००**

असुल गर्नुपर्ने	७६,८००

११ **चालुतर्फ**

११.१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई भएको राजश्व बाँडफाँटको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रू.२,८४,०००।- सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

११.२ **भौचर तथा फाइल व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा पर्माणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने उल्लेख छ। यस कार्यलयले भौचरको क्रम र सिलसिलेबार रुपमा लेखा राखेको नदेखिएकोले विद्यमान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीमा भएको व्यवस्था र सर्वमान्य सिद्धान्त अनुसार कारोबारको लेखा राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.३ **कर कट्टी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले विभिन्न आपूर्तिकर्ताबाट सामान र सेवा खरिद गर्दा करकट्टी नगरी रू.४३,९७६।- भुक्तानी गरेको छ। यस पालिकाले उक्त कर कट्टी गरी राजस्वमा दाखिला गर्नुपर्ने रू.

मिति	गो.भौ.	विवरण र कर	खर्च	करलाग्ने
०६/१२/२०७९	२७	राङ्चा सडक – बहाल कर	१७९३०	१७९
०२/१७/२०८०	२९०	सुनुवार सास्कृतिक महोत्सव – बहाल कर	२५००००	२५०००
०३/२४/२०८०	२८२	मर्मत - अग्रिम आयकर	१८१८२०	२७२७

०३/२०/२०८०	२४६	रन्जित रायमझी भत्ता पारिश्रमिक कर	६३७२०	९८५८
०९/१७/२०७९	८६	रन्जित रायमझी भत्ता पारिश्रमिक कर	५३७६०	८०६४
०३/२४/२०८०	२७५	विविध खर्च - अग्रिम आयकर	२५०००	३७५
०९/१७/२०७९	५	धनबहादुर कार्की - सासु कर	५००००	५००
		कुल जम्मा रकम		**४६,७०३**

असुल गर्नुपर्ने	४६,७०३

११.४ **पारिश्रमिक आय कर -** आयकर ऐन २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सबै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाका मे.अ.डा. मोहमद साकिर अन्सारी ले पाएको कुल आय रू.१३,१०,१६२।- मा रू.६,००,०००।- कट्टा गर्न पाउने घटाई करयोग्य आय रू.७,०१,१६२।- मा रू. १,५५,३४८।६० कर कट्टा गर्नुपर्नेमा करकट्टा गर्न छुट भएकोले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रू

असुल गर्नुपर्ने	१,५५,३४८

११.५ **कर्मचारी प्रोत्साहनका लागि पर्यटन काज खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले स्थानीय तहमा कार्यरत कर्मचारीको आन्तरिक पर्यटन कार्यक्रम सन्चालन निर्देशिका, २०७८ लाई २०७८।८।२१ गते निर्णय गराई यो वर्ष कर्मचारी प्रोत्साहनका लागि पर्यटन काजतर्फ रू.१५,२५,०००।- खर्च गरेको छ। कार्यालयको आन्तरिक आय न्यून रहेको अवस्थामा दिइएको कर्मचारी प्रोत्साहनका लागि पर्यटन काज खर्च मनासिब देखिएन। यस्तो स्थानीय सरकारलाई आर्थिक भार पर्ने खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.६ **तलबी प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलबमा खर्च गरेको छ। पालिकाले कानुनअनुसार तलवी प्रतिवेदन पारित नगराई रू.४,२८,९८,८१४।२८ तलब खर्च लेख्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.७ **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो बमोजिम अवकास कोष स्थापना गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

११.८ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८५ कर्मचारीहरु करारमा राखी रू.१,४६,३२,६५९।१७ खर्च लेखेको छ। स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा राख्ने परिपाटीमा सुधार हुनु पर्दछ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित बाहेकको १ जना इन्जिनियर, ल्याब टेक्निसियन १ जना र आखा स्वास्थ्य कार्यकर्ता १ जना गरी ३ जना करार नियुक्ति गरी वर्षभरीमा रू.१२,३८,२६९।- भुक्तानी गरेको नियमसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

११.९ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १०६ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.१० **पदाधिकारी सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.७८,३०,५००/- खर्च गरेकोमा पालिकाको आन्तरिक आय बैक स्टेटमेन्ट अनुसार रू.२९,४२,७२४/- रहेको छ । आन्तरिक आयको तुलनामा करिब दोब्बर गुणा बढीले खर्च भएको देखिएको छ ।

सैद्धान्तिक बेरुजु

११.११ **अनुगमन प्रतिवेदन** - गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रू.१०,०००।-, उपाध्यक्षले रू.१०,०००।-, वडाध्यक्षले रू.४,०००।- र कार्यपालिका सदस्यले रू.२,०००।- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ ।अनुगमन भत्ता

भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता बितरणको परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको रू.

क्र.सं.	पद तथा नाम		मासिक अनुगमन भत्ता दर रु	वार्षिक अनुगमन भत्तारु
१	अध्यक्ष	अशोक कुमार कार्की	१००००	११८८००
२	उपाध्यक्ष	अस्मिता थापा	१००००	११८८००
३	वडाध्यक्ष	हिरा बहादुर कार्की	४०००	४७५२०
४	वडाध्यक्ष	राम कुमार बुढाथोकी	४०००	४७५२०
५	वडाध्यक्ष	सोकर्ण श्रेष्ठ	४०००	४७५२०
६	वडाध्यक्ष	घन बहादुर कार्की	४०००	४७५२०
७	वडाध्यक्ष	मोहन कार्की	४०००	४७५२०
८	वडाध्यक्ष	टिका बहादुर क्याप्छाकी	४०००	४७५२०
९	वडाध्यक्ष	तारा बहादुर तामाङ	४०००	४७५२०
१०	वडाध्यक्ष	पुरुषोतम पौडेल	४०००	४७५२०
११	वडाध्यक्ष	केशव हरि ढुंगेल	४०००	४७५२०
१२	का.पा.स	कमला खड्का	२०००	२३७६०
१३	का.पा.स	अम्बिका विश्वकर्मा	२०००	२३७६०
१४	का.पा.स	रेणुका मगर	२०००	२३७६०
१५	का.पा.स	गिता देवी वर्मे	२०००	२३७६०
१६	का.पा.स	पशुपति सुनुवार	२०००	२३७६०
१७	का.पा.स	ईला बहादुर मुदेल	२०००	२३७६०
			जम्मा	**८,०७,८४०.००**

प्रमाण पेश नगरेको	८,०७,८४०

१२ चालु तर्फ

१२.१ **पदाधिकारी भ्रमण भत्ता -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १ मा आफ्नो गाउँ तथा नगरपालिकको क्षेत्र भन्दा बाहिर गई बास बस्नु परेमा तोकिए बमोजिमको भ्रमण खर्च पाउने, दफा ४(१) बमोजिम गाउँपालिका अध्यक्षको हकमा ३ दिन सम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने र सभाका अन्य सदस्यको हकमा अध्यक्षबाट भ्रमण आदेश स्विकृत गराउनु पर्ने व्यवस्था छ। पालिका अध्यक्षले भ्रमण भत्ता बुझेको विवरणमा

गाउँपालिकाका अध्यक्ष अशोक कुमार कार्कीले आफ्नो तीन दिन भन्दा बढीको भ्रमण आदेश आफै स्वीकृत गरी भ्रमण भत्ता बुझेको अनियमित देखिएको रू.

अनियमित भएको	१,२०,०००

१२.२ **भ्रमण खर्च र अभिलेख** - भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.१५,०१,५३१।- र भ्रमण खर्च रू.१०,३०,२१०।- गरी जम्मा रू.२५,३१,७४१।- खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस।माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.३ **महँगी भत्ता** - नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४।१।२५ को पत्रमा संघ, प्रदेश र स्थानीय तहका करारको कर्मचारीहरुलाई महँगी भत्ता दिने व्यवस्था नरहेको साथै अर्थ मन्त्रालयको २०७९।१।२१ को पत्रमा समेत करारका कर्मचारीलाई महँगी भत्ता उपलब्ध गराउन नसकिने उल्लेख छ। यस पालिकामा कार्यरत निम्नानुसार कर्मचारीलाई मासिक रु.२,०००।- दरले महँगी भत्ता प्रदान गरेको छ। करारमा कार्यरत ८४ जना कर्मचारीलाई कार्यपालिकाको गत विगतको निर्णयलाई आधार मानी महँगी भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रू.

क.स	कर्मचारीको शाखा	कर्मचारीको संख्या	मासिक रकम	वार्षिक रकम करबाहेक
१	स्वास्थ्य शाखा तर्फ	३५ जना	२०००	८,३१,६००.००
२	पालिका प्रहरी तर्फ	५ जना	२०००	१,१८,८००.००
३	गाउँपालिका तर्फ	३८ जना	२०००	८,४२,६००.००
४	लघुउद्यम सहजकर्ता	२ जना	२०००	४७,५२०.००
५	स्वास्थ्य चौकी गाम्नाटार	२ जना	२०००	४७,५२०.००
६	आयुर्वेद शाखातर्फ	३ जना	२०००	६२,५०९.००
	जम्मा	**८४ जनाको**		**१९,५०,५४९.००**

अनियमित भएको	१९,५०,५४९

१२.४ **घरभाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू.४,३८,५००।- खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनहरु हुँदाहुँदै पनि विभिन्न घर भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.५ **खाना तथा विविध खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष विविध खर्च तर्फ रू.८,९०,३४६।- खर्च गरेको छ। खर्च गरेको बिल पेश गरेतापनि खर्च पुष्टि गर्ने स्पष्ट कागजात पेश गरेको देखिएन। यस्तो खर्चको उद्देश्य र यथार्थता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.६ **सूचना प्रविधीको प्रयोग** - सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।यसमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१२.७ **ईन्धन** - कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.२७,११,४०१।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रं उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख समेत राखेको पाइएन। प्रत्येक सवारी साधनको प्रयोगको अध्यावधिक लगबुक राखी सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.८ **सवारी साधन भाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष सवारी साधन भाडातर्फ रू.३,१९,८००।- खर्च गरेको

छ। यस्तो खर्चको आधार, कारण र औचित्य प्रमाणित नगभई भुक्तानी दिने प्रवृतिलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.९ **डाक्टरको तलब र भत्ता** - नेपाल सरकार स्वास्थ्य विभागले तोकिएका अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरुलाई तोकिएको मापदण्डको आधारमा ननप्राक्टिस भत्ता सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयले कोभिड-१९ को उपचार गर्न मिति-२०७८।०५।०२ मा करार सेवामा डा. चन्द्र कुमार राईलाई नियुक्ति गरेको छ। सम्झौता पत्रमा ननप्राक्टिस भत्ता सम्बन्धमा उल्लेख छैन। तर पालिकाले करार सेवामा राखेर मासिक रू.९७,४७४।- का दरले २०७९ श्रावण देखि २०८० आषाढसम्म १२ महिनाको नन्प्राक्टिस भत्ता - भुक्तानी गरेको कारण पालिकामाथि बढी व्ययभार परेकोले अनियमित देखिएको रू.

अनियमित भएको	१२,९१,१६२

१२.१० **ईन्टरनेट भुक्तानी -** यस पालिकाका स्वास्थ्य चौकी ९ आयुर्वेद २ विद्यालय २२ वडा कार्यालय ९ र पालिका कार्यालय १ गरी ४२ स्थानमा ब्रोडवेन्ड इन्टरनेट जडान गर्ने कार्यको लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग समझदारीपत्रमा हस्ताक्षर गरी नेपाल दुरसञ्चार प्राधिकरणले रू.५९,८६,२७०।- र पालिकाले रू.१५,००,०००।- व्यहोर्ने गरी रू. ७४,८६,२४०।- बजेट फण्ड खडा गर्ने २०७८।२।२१ मा सहमति भयो । सो कार्यको लागि बोलपत्र आव्हान गरेकोमा एरोनेट प्राईभेट लिमिटेडसँग रू.५०,७१,८६८।१४ मा सम्झौता गरी ईन्टरनेट सेवा प्राप्त गरेको अवस्थामा पुनः ३।२०७९।७।२० बाट स्वीफ्ट नेट प्रा. लि.लाई भुक्तानी गरेको अनियमित देखिएको रू.

अनियमित भएको	६७,८००

१२.११ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नुहुदैन भनी उल्लेख छ । त्यस्तै सोही नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले रू.बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार दरभाउ पत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी सोझै गराएको रू.१०,३१,४१२।- खरिद प्रकृया नियमसम्मत नदेखिएको रु

मिति	गो. भौ.	आपूर्तिकर्ता फर्मको नाम	विवरण	जम्मा भुक्तानीरू.
०९/०१/२०७९	७३	सापकोटा स्टोर	मसलन्द तथा कार्यालय सामाग्री	२,११,७९९
०९/१९/२०७९	८८	थापाइन्टरप्राइजेज एण्ड सप्लायर्स	मसलन्द तथाकार्यालय सामाग्री	८,१९,६१३
		जम्मा रकम		**१०३१४१२**

अनियमित भएको	१०,३१,४१२

१२.१२ **फिल्ड भत्ता -** बैठक तथा भ्रमण खर्च निर्देशिका २०७६ को दफा ९(२) मा फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च कन्टिजेन्सीबाट खर्च गर्ने उल्लेख छ । नेपाल सरकारले २०७६।४।१ गते देखी लागु हुने गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलब भत्ता सम्बन्धी व्यवस्था गरेको छ। पालिकामा प्राविधिक शाखा अन्तर्गत कार्यरत निम्नानुसार कर्मचारीलाई मासिक रू.५,०००।- का दरले फिल्ड भत्ता उल्लेख गरी वार्षिक रू.३,००,०००।- भुक्तानी गरेको छ। स्थानीय तहमा कार्यरत भई स्थानीय भत्ता पाईरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेको अनियमित देखिएको रू.

क्र.सं.	कर्मचारीको पद	कर्मचारीको नाम थर	मासिक रकम	वार्षिक रकम
१	अ.सब.इ.	प्रकाश कुमार राउत	५०००	६००००
२	अ.सब.इ.	अर्जुन कुमार आले	५०००	६००००
३	अ.सब.इ.	शिव कुमार राई	५०००	६००००
४	अ.सब.इ.	रुद्र बहादुर घिमिरे	५०००	६००००
५	अ.सब.इ.	सुशिला सापकोटा	५०००	६००००
		जम्मा	**२५०००**	**३,००,०००.००**

अनियमित भएको	३,००,०००

१३ पुँजीगत

१३.१ **सम्झौता भन्दा बढी भुक्तानी -** सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजानिक निकायले विल विजकको भुक्तानी खरिद सम्झौताको अधिमान रहि तोकिएबमोजिम दिनुपर्ने उल्लेख छ । विचारी आहल देखि सत्लुङ्गखोला वडा नं. २ र ३ मा ड्रेन बाटो ढलान रिटेनिङ्ग वाल लाउने कार्यको लागत अनुमान रू.७७,४६,६६२।३२ भएको काम गैया देवी कन्ट्रक्सन एण्ड सप्लायर्स लाई रू.४२,९६,४५०।५७ मा सम्पन्न गर्ने गरी भएको संझौता भएकोमा थप काम लगाई रू.४३,६३,०७०।- भुक्तानी गरेकोले सम्झौता भन्दा बढि भुक्तानी भएको अनियमित रू.

अनियमित भएको	६६,६१४

१३.२ **फरक लोकेशनमा काम -** सार्वजानिक खरिद नियमावलीको नियम ११८(१)(२) अनुसार भेरियसन स्वीकृत गराई कार्य गर्नुपर्ने उल्लेखछ । संसोधित लागत अनुमान रू.१,९९,६६,१५०।- रहेको विहारी आहाल सत्लुङ्ग खोला वडा नं २ र ३ मा पर्ने सडक स्तरोन्नती कार्यको लागि रू.१,०३,२६,४१९।२७ मा जयकृष्ण विल्डर्स प्रा. लि.सँग २०८०।२।१५ मा सम्पन्न गर्ने गरी मिती २०७९।११।१९ मा सम्झौता भएको देखिन्छ ।यस कार्यको लागि गरेको ड्रईङ्ग डिजाईन तथा लागत अनुमानमा चैनेज नखुलाई १, २,४,५,६,७,९,१० र ११ लोकेशन उल्लेख गरेको तर लोकेशन ३ नभएको अवस्थामा सो लोकेशनमा स्टोन सोलिङ्ग पिसिसि र स्टोन माशनरी काम गर्ने उल्लेख गरेको छैन । ड्र्इङ्ग डिजाईन तथा लागत अनुमानमा उल्लेख नभएको निम्न लोकेशनको रू.१८,३०,५००।- को मूल्य अभिवृद्धि रू.२,३७,९६५।- सहित भेरियसन विना भुक्तानी भएको रू.२०,६८,४६५।- नियमसम्मत नदेखिएको रू.

संरचना कार्य	लोकेशसन	परिमाण घनमिटर	दर रू.	जम्मा रू.
ढुङ्गा (सोलीङ्ग) विछ्याउने	३	१०४.६	२०००	२०९२००
पिसिसि कार्य	३	१०४.६	१००००	१०४६०००
ढुङ्गको गाह्रो लगाउने	३	१०४.६	५५००	५७५३००
जम्मा				**१८३०५००**

अनियमित भएको	२०,६८,४६५

१४ गाउँपालिका पुंजीगत तर्फ

१४.१ **वडा कार्यालयको भवन निर्माण -** वडा नं. ३, ५,र ७ को कार्यालय भवन निर्माण गर्नका लागी DPR तयार गरेको छ। डिपियारमा २.५ तल्ले भवनका लागी ३ नं. वडाको लागी रू.२,९७,४८,१५९।९५ (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) को लागत अनुमान तयार गरेको, वडा नं. ५ का लागी रू.२,६३,१२,१३०।०८ (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) मा लागत अनुमान तयार गरेको र वडा नं. ७ का लागी रू.३,०३,१६,९८८।२७ (मुअकर र कन्टिन्जेन्सी बाहेक) मा लागत अनुनमान तयार गरेको छ। गाउँपालिकाले ग्राउण्ड फलोरको स्ट्रकचर निर्माणका लागी वडा नं. ३ को कार्यालय भवनका लागी (-४३.८९) घटीमा गैया देवी कन्ट्रकसन, वडा नं. ५ को भवन कार्यालयका लगी (-४३.१७) घटीमा चन्द्र शिद्ध कन्ट्रक्सन , र वडा नं. ७ को कार्यालय भवन निर्माणका लागी (-३९.६३) घटीमा गैया देवी कन्ट्रकसन सगँ सम्झौता गरेको छ। गाउँपालिकाले पुनः ग्राउण्ड फलोरको ब्रिक र पलास्टरिङ्ग वोर्कका लागी सोही निर्माण व्यवसायीसँग वडा नं. ३,५,७ का लागी क्रमश -०.२२, -१.१०, -०.१८ घटीमा सम्झौता गरेको छ। यसरी एउटै कामलाई टुक्रा- टुक्रा गरी निर्माण कार्य सम्झौता गर्दा लागत अनुमानकै हराहरीमा काम गरेको देखिन्छ। गाउँपालिकाले पेश गरेको नापि किताब र कार्यसम्पन्न प्रतिवेदनको अधारमा भवन निर्माणको ग्राउण्ड फलोरको सम्पुर्ण निर्माण भएको छैन। यसरी गाउँपालिका वडा भवन निर्माणका लागी गरेको खर्चको प्रभावकारी भएको देखिएन। गाउँपालिकाले स्रोत सुनिश्चित गरी सम्पुर्ण काम एकमुष्ट ठेक्कालाई निर्माण कार्य गराउनु पर्छ।

भवन निर्माण	DPR मा लागत अनुमान	स्ट्रकचरको			ब्रिक र पलास्टरिक वर्क		
		लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
३ नं. वडा कार्यालय	२,९७,४८,१५९.९५	५५,२३,२४२.०३	३०,९८,६५४.२५	-४३.८९	८८१७६९.०१	८७९७९१.०१	-०.२२
५ नं. वडा कार्यालय	२,६३,१२,१३०.०८	५५,२३,२४२.०३	३१,३८,९८६.०२	-४३.१७	८८१७६९.०१	८७२०६१.७०	-१.१०

७ नं. वडा कार्यालय	३,०३,१६,९८८.२७	५५,२३,२४२.०३	३३,३४,२०४	-३९.६३	८८१७६९.०१	८८०१५७.५७	-०.१८

सैद्धान्तिक बेरुजु

१४.२ **एज बिल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भएबमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा निम्न निर्माण कम्पन्नीले निर्माण सम्पन्न गरी अन्तीम बिलबाट (एज बिल्ट) बनाउनका लागि रकम भुक्तानी भए पनि एज बिल्ट बनाई पेश भएको देखिएन। एज बिल्ट नक्सा निर्माण गरी पेश गर्नु पर्ने अन्यथा रू.१३,५००।- असुल हुनु पर्ने रू.

भवन निर्माण	निर्माण कम्पन्नी	एजविल्ट नक्साका लागी भुक्तानी भएको रकम
३ नं. वडा कार्यालय	गैया देवी कन्ट्रकसन	४५००
५ नं. वडा कार्यालय	चन्द्र शिद्ध कन्ट्रक्सन	४५००
७ नं. वडा कार्यालय	गैया देवी कन्ट्रकसन	४५००
जम्मा		**१३५००**

प्रमाण पेश नगरेको	१३,५००

१४.३ **मोटर साइकिल खरिद -** सार्वजानिक खर्च मितव्ययीता तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा ९(२) मा मौजुदा सवारी साधन मितव्ययी ढंगले मर्मत गरी उपयोग गर्नुपर्ने उल्लेखछ । ५० सिसि को ७ वटा र २२० सिसिको ४ मोटर साइकिल खरिदका लागी रू.३५,४७,९००।- मू.अ.कर सहितको लागत अनुमान तयार गरेको छ। मोटर साइकिल खरिदका लागी सबैभन्दा घटी कबोल गर्ने श्री हंशराज हुलास चन्द एण्ड कम्पनी सगँ रू.३५,०३,९००।- मा ११ वटा मोटर साइकल खरिद गरेको देखिन्छ। जिन्सि खातामा पुरानो मोटर साइकल रहेको देखिन्छ । सोको मर्मत सम्भार गरी पुनः प्रयोग गर्न सकिने नसिकने प्राविधिक जाचँ गराई एकिन नगरी पुनः ११ वटा मोटर साइकल खरिद गरेको उचित देखिएन। मितव्ययी तरिकाले बजेट खर्च गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ कार्यपालिका निर्णय तर्फ

१५.१ **बडा दशै मौलापुजा -** २०७९।६।८ कार्यपालिकाबाट निर्णय गरी निम्न प्रहरी कार्यालयलाई बडा दशै मौलापुजाको लागि रू.१,२५,०००।- वितरण गरेको देखिन्छ । आन्तरिक आयलाई मध्यनजर गरी आर्थिक सहायता वितरण गर्नुपर्दछ ।

संघीय निकाय	रकम रू.
जिल्ला प्रहरी कार्यालय	२००००

प्रहरी चौकि यसम	१५०००
प्रहरी चौकि गाम्राङ्गटार	१५०००
सशश्त्रप्रहरी वेश घोराखेररी	१५०००
प्रहरी चौकी साघुटार	१५०००
प्रहरी चौकी सिरिसे	१५०००
प्रहरी चौकी घोराखोरी	१५०००
पालिका प्रहरी चौकी यसम	१५०००
जम्मा	**१२५०००**

सैद्धान्तिक बेरुजु

१५.२ **इन्धन तथा सवारी साधन मर्मत -** वडा अध्यक्षलाई मासिक इन्धन तथा सवारी साधन मर्मत सम्बन्धमा वील भर्पाईको आधारमा भुक्तानी दिने निर्णय २०७९।१०।१५ गाउँ कार्यपालिकाबाट निर्णय भएको देखिन्छ । जसबाट अधिकतम वार्षिक रू.१५,०१,२००।- खर्च हुने देखिन्छ भने बाँडफाँटबाट प्राप्त आयबाहेक आन्तरिक आय रू.२६,८०,५७३।- रहेकोछ । आन्तरिक आयको तुलनामा यो खर्च करिब ५६ प्रतिशत हुन आउछ । आयको स्रोत पहिचान गरी आय आर्जन गरी सोही अनुरुप खर्च गरिनुपर्दछ ।

सि. नं.	इन्धन लिटर	दर प्रतिलिटर	जम्मा	मर्मत	कुल जम्मा रु
१	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
२	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
३	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
४	४५*१२=५४०	१७८	९६१२०	६००००	१५६१२०
५	४५*१२=५४०	१७८	९६१२०	६००००	१५६१२०
६	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
७	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
८	५०*१२=६००	१७८	१०६८००	६००००	१६८६००
९	६०*१२=७२०	१७८	१२८१६०	६००००	१८८१६०
जम्मा	**५४०० लिटर**	**१७८**	**९६१२००**	**५४००००**	**१५०१२००**

सैद्धान्तिक बेरुजु

१६ उपभोक्ता समिति

१६.१ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्ः

गो भौ नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपरकरण रकम
३४२-२०८०/०३/२२	कार्की बारी मोड साउने सडकनिर्माण आयोजना लिखु ६	सडक निर्माण	२१७५४९	२८९६४१
९९-२०७९/०९/२६	गाउँपालिका सडक मर्मत	सडक मर्मत	९७००००	५२४३२३.४
२५५-२०८०/०२/२२	लिम्मि पोकली सडक (लेति भिर खण्ड)सतरोन्ती	सडक स्तोरन्ती	४८५०००	५५९७५६
२७३-२०८०/०३/०७	सिरिसे टारकेरावारी,गाम्नाटारसडक(सिमाकोडाँडा भिर खण्ड) स्तरोन्ती आयोजना	सडक स्तोरन्ती	९२३६९३	४८६०१३
२९४-२०८०/०३/१७	डाँडा खर्क देविटार ग्रा.यु.सि.सडक मर्मत	सडक मर्मत	४६४७८५	५५१२१४
१७८-२०७९/१२/१४	जिमपाखा च्याम्मुला सडक निर्माणआयोजना	सडक निर्माण	२९१०००	३५३९१६
९८-२०७९/१०/०४	जजालु खाम्सुङ्ग कोथला टावर सडकनिर्माण आयोजना	सडक निर्माण	२४२५००	२९६२७२
१२२-२०७९/१०/२०	ग्राम्नाटार सडक स्तोरोन्नती लिखु७,८,९	सडक स्तोरन्ती	६७९०००	२९६६०८.५
जम्मा				**३३,५७,७४४**

सैद्धान्तिक बेरुजु

१६.२ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल

प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्ः

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१९-२०८०/०३/१७	कुण्डेलेश्वर मन्दिर संरक्षण	भवन तथा बाटो	६७९०००
२०२-२०८०/०१/२८	खाल्टे तथा चर्च निर्माण	चर्च भवन निर्माण	१९४०००
२७३-२०८०/०३/२४	वडा नं. २ वडा कार्यालय मर्मत	मर्मत कार्य	१६३५४६
३२७-२०८०/०३/२१	डम्पिङ्ग साइट निर्माण आयोजना	निर्माण	६४५०००
१८९-२०७९/१२/२४	क्षेत्री सेवा समाज भवन निर्माणआयोजना	भवन निर्माण	२८५१२०
७५-२०७९/०९/२२	वडा नं. ९ वडा कार्यालय मर्मत	मर्मत कार्य	१९४०००
२८८-२०८०/०३/१३	च्यारीडाडा मा.वि. निर्माधीन भवनप्लास्टर	भवन प्लास्टर	२१००००
३२१-२०८०/०३/१९	रातामाटा लिफ्टिङ्गको लागि सेतोतार खरिद	तार खरिद	१४००००

सैद्धान्तिक बेरुजु

१६.३ **विद्युतीय तार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा सार्वजनिक निकायले उपभोक्ता समितिसँग सम्झौता गरी सम्झौतामा उल्लेख भएको बुदाहरूको अनिवार्य पाल्ना गर्नुपर्ने छ। विद्युत विकास आयोजनाका लागी रू.५,५५,६९१।०८ को लागत अनुमान तयार गरी रू.४,८५,०००।- गाउँपालिकाले व्यहोर्ने गरी सम्झौता गरेको छ। सझौताको बुदा नं. १४ मा आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीका लागी नापीकिताब, कार्यसम्न प्रतिवेदन पेश गरी फरफराक गर्नु पर्ने व्यवस्था छ। उक्त आयोजनामा वडा नं. ७ का घर धुरीलाई मिटर जडान गर्न लाग्ने ११,००० मिटर तार खरिद गरेको छ। उक्त कार्यका लागी खरिद गरी तार वितरण गरेको देखिएन। वडा नं. ७ का घर धुरीले मिटर जडान गरेको प्रमाण सहित तार वितरण गरेको भारपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रू रू

प्रमाण पेश नगरेको	४,८५,०००

१७ **शिक्षा**

१७.१ **राष्ट्रपति रनिङ सिल्ड -** गाउँपालिकाले पालिकाभित्र २०८० बैसाख ७ देखि ९ गते सम्म राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गरेबापत रू.६,९०,०००।- खर्च लेखेको छ। ओखलढुङ्गा जिल्लामा जिल्ला स्तरिय राष्ट्रपति सिल्ड प्रतियोगिता सम्पन्न भएपश्चात प्रदेश स्तरिय खेल प्रतियोगिताको लागि खेलाडि छनौट भैसकेपश्चात स्थानीय निकायले संचालन गरेको प्रतियोगिताबाट जिल्ला स्तरिय प्रतियोगितामा सहभागि हुने अवसरबाट बन्चित भएको देखियो। जिल्ला स्तरिय प्रतियोगितामा छनौट हुन सक्ने गरी समयमै प्रतियोगिता आयोजना गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। कार्यक्रममा सहभागि भएवापत ८ वटा विद्यालयलाई प्रोत्साहन वापत रू.२,५०,०००।- भुक्तानी दिएको छ। विद्यालयले उक्त रकम खर्च गरेको विवरण पेश गरेको छैन। पालिकाले खेलकुदमा सहभागि विद्यार्थीको लागि खर्च गर्न अनुदान दिएको रकम सम्बन्धित काममा खर्च गरेको प्रमाणित विल पेश गर्नुपर्ने रु

क्र.सं.	विवरण	रकम
१	च्यूरीडाँडा मा वि	३४०००
२	ज्ञानज्योति मा वि	१९५००
३	भिमसेनस्थान मा वि	३७०००
४	यसम मा वि	३३५००
५	ग्रा यु सि मा वि	२६०००
६	जाल्पा मा वि	३१५००
७	जनजिवन मा वि	३४०००
८	लोति मा वि	३४५००
जम्मा		**२५००००**

प्रमाण पेश नगरेको	२,५०,०००

१७.२ **दिवा खाजा -** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप २.७.११.१ मा स्थानीय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, सबै सार्वजनिक विद्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले सार्वजनिक गरेको साप्ताहिक मेनु अनुसार दिवा खाजाको प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिका मातहतका २२ विद्यालयका विद्यार्थीलाई दिवा खाजा वापत रू.३२,८१,११५।- निकासा दिएको छ। पालिकाले २० बिद्यालयलाई विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन । विद्यार्थीलाई रकम वुझाएको हस्ते भरपाईको आधारमा भुक्तानी दिएको देखियो। जस बाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	रकम
१	श्री जाल्पा माध्यमिक विद्यालय	२५६७४०
२	श्री यसम माध्यमिक विद्यालय	१८८१००

३	श्री लेती माध्यमिक विद्यालय	१२६३७५
४	श्री भिमसेनस्थान माध्यमिक विद्यालय	१५७४२५
५	श्री ज्ञानज्योति माध्यमिक विद्यालय	१७५४२५
६	श्री च्यूरीडाँडा माध्यमिक विद्यालय	११०२६५
७	श्री पोखरी आधारभूत विद्यालय	२७७७५०
८	श्री लाम्राङ आधारभूत विद्यालय	१५१७५५
९	श्री ग्रामज्योति आधारभूत विद्यालय	२०५२३५
१०	श्री ग्रामोन्नतिआधारभूत विद्यालय	१६३९३५
११	श्री वडडाँडा आधारभूत विद्यालय	१६६६३०
१२	श्री पटनादेवी आधारभूत विद्यालय	७६६९५
१३	श्री कालिका आधारभूत विद्यालय	१०६९९५
१४	श्री राम्चेग्राम विकास आधारभूत विद्यालय	२४४२९०
१५	श्री गणेश आधारभूत विद्यालय	७९७२५
१६	श्री सिद्धमनपूरदेवी आधारभूत विद्यालय	६७८००
१७	श्री गोरखनाथ आधारभूत विद्यालय	६११५५
१८	श्री मनकामना आधारभूत विद्यालय	६२२६५
१९	श्री सेतीदेवी आधारभूत विद्यालय	२८२४५
२०	श्री नर्मदिश्वर आधारभूत विद्यालय	६१२००
जम्मा		२७६८००५

सैद्धान्तिक बेरुजु

१७.३ **नमुना विद्यालय सामग्री खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम कार्यान्वयन मार्गदर्शन १.३ (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.२० लाख भन्दा बढीको सार्वजनिक खरिद गर्दा बोल पत्रको माध्येमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन अनुदान बापत ग्रामोदय युगकवि सिद्धिचरण मा वि लाई रू.५० लाख निकासा दिएकोमा विद्यालयले विद्यालयको लागि आवश्यक शैक्षिक सामग्री खरिद गर्ने कार्यलाई विभिन्न ८ कार्यक्रमगत टुक्रा गरी सोझै टुक्रा टुक्रा खरिदगरी रू.३० लाख भुक्तानी दिएको छ। खरिद नियमावलीको

व्यवस्था अनुसार एकमुष्ठ रू.५० लाखको कार्यक्रम तयार गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा गरी सोझै दिएको भुक्तानी अनियमित देखिएको रु

अनियमित भएको	३०,००,०००

१७.४ **नमुना विद्यालय अनुदान -** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ९.१२ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि तत्कालिन रुपमा शैक्षिक क्रियाकलापमा सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यनतम सर्त पुरा गर्ने लगायतका क्रियाकलाप गर्न भौतिक पुर्वाधार बिकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी विद्यालयलाई कार्य गराउन लगाउने र सोको नियमित अनुगमन र कार्यप्रगतिको प्रतिवेदन स्थानीय तहले गर्ने व्यवस्था छ। यस वर्ष नमुना विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि ग्रामोदय युगकवि सिद्धिचरण मा वि लाई रू.५० लाख अनुदान दिएको छ। विद्यालय र पालिकाबिच कार्ययोजना सम्झौता भएको छैन। पालिकाबाट निकासा भएको अनुदान मध्ये विद्यालयले रू.३० लाख खर्च गरी खर्चको विल भरपाई पेश गरेको छ भने बाँकी रू.२० लाख विद्यालयले खर्चलेखेको प्रमाणित विल भरपाई तथा खर्च विवरण समेतको श्रेस्ता पालिकामा पेश भएको छैन। नमुना विद्यालय गुरुयोजना अनुसार कार्ययोजना तयार गरी पालिकाबाट स्वीकृत गराई सो अनुसार काम गरेको प्रमाणित श्रेस्ता र कार्यप्रगति सहितको प्रतिवेदन समेत पेश गर्नुपर्ने अन्यथा खर्च गर्न बाँकी रकम फिर्ता गरी संघीय संचित कोष दिखला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२०,००,०००

१७.५ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** - विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका को क्रियाकलाप नं ९.२ मा प्रोत्साहन अनुदान निकासा दिदा विद्यालय नदोहोरिने गरी निकासा दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साह अनुदान बापत यस वर्ष पाँच बिद्यालयमा रू.२,५०,०००।- निकासा दिएको छ। सो मध्ये देहायका दुई विद्यालयमा गत वर्ष समेत कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान निकासा दिएकोमा यो वर्ष पुनः सोहि विद्यालयलाई निकासा दिएको पाईयो। विद्यालय नदोहोरिने गरी निकासा दिनुपर्नेमा गत वर्ष निकासा दिएकोलाई समेत छनौट गरेको अनियमित देखिएको रु

क.सं.	विद्यालयको नाम	रकम
१	ग्राम ज्योति आधारभुत विद्यालय	५००००
२	लम्राङ्ग आधारभुत विद्यालय	५००००
	जम्मा	**१०००००**

अनियमित भएको	१,००,०००

१७.६ **थप खर्च -** ग्रामोदय युगकवि सिद्धिचरण मा.वि नमुना विद्यालय निर्माणको लागि प्राप्त बजेट रू.१ करोडबाट बोलपत्र खरिदको माध्यमबाट वि.पि.एन कन्स्ट्रक्सनले रू.८७,०९,९००।- मा कार्य सम्पन्न गरेकोमा बोलपत्र बाट बचत भएको

रकम संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा सोहि विद्यालयमा पर्खाल निर्माण कार्य गर्ने उल्लेख गरी २०८०।३।३ मा वि.पि.एन कन्स्ट्रक्सनलाई कार्यदेश दिई सोझै खरिद बिधिबाट खरिद गरी रू.९,००,६९६।- भुक्तानी दिएको पाईयो। संघीय ससर्त शीर्षकबाट सर्त निर्धारण गरी प्राप्त अनुदान सम्बन्धित कार्य सम्पन्न गरी बाँकी रकम संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा आर्थिक बर्षको अन्त्यमा बजेट फिर्ता नगर्ने गरी सोझै खरिद गरी दिएको भुक्तानी रकम उचित देखिदैन। संघीय ससर्त शीर्षकमा प्राप्त बजेट उल्लेखित कार्यसम्पन्न भए पश्चात बाँकी बजेट संघीय संचित कोष फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७.७ **थप कार्य -** यसम माध्यमिक विद्यालय निर्माणको लागि प्राप्त बजेट रू.५० लाख बोलपत्र खरिदको माध्यमबाट निर्माण व्यवसायिले रू.३७,१४,७७२।- मा कार्य सम्पन्न गरेकोमा बोलपत्र बाट बचत भएको रकम संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा सोहि विद्यालयमा ग्याविन निर्माण गर्ने उल्लेख गरी पिनाकल इन्जिनियर्सबाट सोझै खरिद बिधिबाट खरिद गरी रू.९,८९,३८२।- भुक्तानी दिएको पाईयो। संघीय ससर्त शीर्षकबाट सर्त निर्धारण गरी प्राप्त अनुदान सम्बन्धित कार्य सम्पन्न गरी बाँकी रकम संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा आर्थिक बर्षको अन्त्यमा बजेट फिर्ता नगर्ने गरी सोझै खरिद गरी भुक्तानी दिएको रकम उचित देखिदैन । संघीय ससर्त शीर्षकमा प्राप्त बजेट उल्लेखित कार्यसम्पन्न भए पश्चात बाँकी बजेट संघीय संचित कोष फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जिवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको नौ वटै वडाहरुमा सडक मर्मत तथा सोलिङ, कुलो कटानको कार्य गर्न ९ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट १०० कार्य दिन कार्य गरेवापत जनालाई ७५ जनालाई रू.५७,६२,०००।- खर्च भुक्तानी दिएको देखियो। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ । साथै कार्यविधिको व्यवस्था कार्यान्वयन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **शसर्त तर्फको धरौटी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४(१)मा कार्यलयले धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखनुपर्ने उल्लेख छ ।कार्यालयवाट प्राप्त विवरण अनुसार गत विगतको अ.ल्या रू.९,४४,२४८।- र चालु आर्थिक वर्षको आम्दानी रू.६९,९२,००६।- गरी जम्मा रू.७९,३६,२५४।- धरौटी आम्दानी जनाएको छ । गाउँपालिकाले गत विगत देखिनै धरौटीको व्यक्तिगत विवरण राख्ने गरेको छैन । निर्माण कम्पनीले धरौटी फिर्ता पाउँ भनि पेश गरेको निवेदनको आधारमा धरौटी फिर्ता गरेको देखिन्छ। यस वर्ष फिर्ता गरेको जम्मा रू.१६,७४,२१४।- सम्वन्धित व्यक्तिको धरौटी हो भनि सुनिश्चित हुने

आधार भएन । व्यक्तिगत विवरण नराखि धरौटी फिर्ता गर्दा फिर्ता रकम दोहोरो पर्न जानसक्ने हुदा व्यक्तिगत धरौटी खाता तयार गरेर मात्र धरौटि फिर्ता दिनुपर्दछ । सुत्रमा नै सबै अभिलेख रहने हुनाले दोहोरो पर्ने सम्भावना नरहेको भन्ने कार्यालयको भनाई छ ।

सैद्धान्तिक बेरुजु

२० स्वास्थ्यतर्फ

२०.१ **खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामन खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमारहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्लो अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय वजार दर, अन्य बजारको दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने व्यवस्था छ। पालिकाले कार्यक्रममा छुट्याइएको बजेटलाई कुल लागत मानि ३ बटा फर्मबाट लिएको दर मध्ये कुल बजेटको हाराहारीमा सोझै खरिद गर्ने गरेको पाईयो। जस अनुसार पालिकाले यस वर्ष निम्नानुसार स्वास्थ्य सामग्री खरिद गरी कुल रू.७४,५७,५४४।- खर्च गरेको छ। नियमको व्यवस्था अनुसार लागत अनुमान तयार गर्ने र लागत अनुमान स्वीकृत गरेरमात्र खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस वर्ष खरिद गरेको उल्लेखित स्वास्थ्य सामग्री, उपकरण तथा औषधी निम्नानुसार रहेको पाईयो।

सैद्धान्तिक बेरुजु

२०.२ **स्वास्थ्य उपकरण खरिद -** यसवर्ष पालिकाले स्वास्थ्यसँग सम्बन्धित उपकरणहरु निम्नानुसार खरिद गरी विभिन्न ४ सप्लायर्सबाट सोझै रू.१७,८७,७०८।- भुक्तानी दिएको छ। स्वास्थ्य उपकरण खरिद गर्दा पालिकाको आवश्यकता तथा उपलव्ध बजेट र मौजुदा उपकरणको अवस्था विश्लेषण गरेर नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरेरमात्र खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सि.नं.	सामानको नाम	फर्मको नाम	भ्याट सहितको रकम
१	X-Ray machine	CARE HEALTH GROUP PVT.LTD Birgung-15,Parsa	५३९०१०
२	Biochemistry Analyzer	Atithi Pharma And Trade Pvt.Ltd.Sinamangal-9,Kathmandu	३०५१००
३	ILR Refrigerator	CANOPUS Surgical Suppliers Pvt.Ltd	३९४९९९
४	Autorefractometer	ELITE SURGICAL Vishwa-15,Birgunj	५४८५९९
		जम्मा	**१७८७७०८**

सैद्धान्तिक बेरुजु

२०.३ **औषधी खरीद** - पालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ।यस वर्ष विभिन्न औषधी फरक फरक सप्लायर्सबाट टुक्रा

पारि खरिद गरी रू.३६,५०,१०२।- भुक्तानी दिएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन। औषधी खरिद, वितरण तथा हस्तान्तरण कार्य व्यवस्थित गर्ने र पटक पटक टुक्रा खरिद गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

भौचर मिति	विवरण	सप्लायर्स	रकम
३२-०७९।९।२५	संघीय ससर्त औषधी खरिद कार्यक्रम	निरिजमा मेडिको सप्लायर्स	१५९९०३५
१०२-०८०।२।१४	संघीय ससर्त औषधी खरिद कार्यक्रम	केवलेश्वर मेडि सेल्स	१०४९६८७
२३८-०८०।३।११	गाउँपालिका चालुतर्फ	बासुकी मेडिसिन सप्लायर्स	१००१३८०
जम्मा			३६५०१०२

सैद्धान्तिक बेरुजु

२०.४ **आयुर्वेद औषधी खरिद -** गाउँपालिकाले विभिन्न ३ सप्लायर्सबाट सोझै आयुर्वेद औषधी खरिद गरी रू.२०,१९,७३४।- भुक्तानी दिएको छ। पालिकाले वर्षभरिमा आवश्यक पर्ने आयुर्वेद औषधीको माग विश्लेषण गरेको छैन र खरिद गर्दा लागत अनुमान स्वीकृत गरी एकमुष्ठ बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै पटक पटक खरिद गरी खर्च लेखेको छ। खरिद गरेको औषधीको प्राप्ति तथा वितरणको प्रतिवेदन तयार गरी औषधीको मौज्दात तयार गर्नुपर्नेमा सो समेत गरेको पाईएन। कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन। औषधी खरिद, वितरण तथा खर्च रजिस्टर अद्यावधिक गरी उक्त औषधीको खर्च विवरण र जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने रू.

भौचर मिति	सप्लायर्स	रकम
५२-०७९।११।८	प्राकृतीक हर्वास्युटीकल्स	९८९९८४
४९-०७९।७।१७	कुल राज आयुर्वेद	३२९७५०
८-७९।६।७	ओशोपथ आयुर्वेद	७०००००
जम्मा		२०१९७३४

प्रमाण पेश नगरेको	२०,१९,७३४

२१ कृषि तथा पशु विकास कार्यक्रम

२१.१ **कृषि सामग्रीको वितरण -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि सामान पटक पटक सोझै खरिद गरी रू.१९,९२,०६६।- खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट

वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	विवरण	रकम
१	प्लास्टिक टनेल खरिद तथा वितरण	४०६३४८
२	कृषि विसादी खरिद तथा वितरण	२९९९८५
३	तरकारीको विउ विजन	२९९९८०
४	धानको विउ	२०००००
५	वेसार अदुवा खरिद तथा वितरण	४९७७५३
६	मकैको विउ खरिद तथा वितरण	२८८०००
	जम्मा	**१९९२०६६**

सैद्धान्तिक बेरुजु

२१.२ **कागतिका विरुवा -** जिल्ला दर रेट ओखलढुङ्गाले कागतिको विरुवाको दर निर्धारण नगरेको र जिल्लाको छिमेकि जिल्ला तथा पालिकाको नजिकको जिल्ला रामेछापको सुन्तला जात फलफुल विरुवा ग्राफीङ्ग जालि भित्र उत्पादन भएको विरुवाको अधिकतम मुल्य रू.१५० र खुल्ला उत्पादन गरेको रू.६० निर्धारण गरेको छ। न्यू भण्डारी कृषि तथा पशुपन्छी फर्म व्यवसायिक कागति खेति प्रवर्द्धन कार्यक्रम अन्तरगत रू.१५,५५,८८०।- को कार्यक्रममा ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गर्दा कार्यालयले रू.८,०६,९७०।- भुक्तानी दिएको छ। सो कार्यक्रम अन्तर्गत २२०० थान कागतिको विरुवा खरिद गर्दा रू.२५०।- का दर ले खरिद गरेको पाईयो। विरुवाको खरिद गर्दा उत्पादन भएको विधि उल्लेख छैन। ग्राफीङ्ग जालि भित्र उत्पादन भएको विरुवाको मुल्य आधार लिदा निर्धारित दर रेट भन्दा प्रति विरुवा रू.१००।- बढी दरमा भुक्तानी दिएको पाईयो। आफ्नो जिल्ला दर रेट पनि नभएकोर रामेछाप जिल्ला दर रेटले विरुवा खरिद हुन नसक्ने भएकोले बढी खर्च जस्तो देखिएको भएपनि कागती रोपन कार्य सम्पन्न भएको कार्यालयको भनाई रहेतापनि तोकिएको दर भन्दा बढी दरले दिएको भुक्तानी रकम अनियमित देखिएको रू.

अनियमित भएको	१,१०,०००

२१.३ **बाखा पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन मेनुअल, २०७७ को परिच्छेद ४ नियम ४.१.४ मा पहाडि क्षेत्रमा बाखा पकेट कार्यक्रम संचालनको लागि १००० बाखा हुनुपर्ने व्यवस्था छ। पालिकाले सिंहदेवी पशुपालन कृषक समुहलाई बाखा पकेट कार्यक्रम अन्तर्गत रू.३१,४५,०४१।- खर्च गरेकोमा कार्यलयबाट अनुदान रकम रू.१४,४५,७१५।- भुक्तानी दिएको छ। बाखा पकेट कार्यक्रम संचालन गर्दा उक्त समुहमा ७४६ वाखा रहेको कार्यालयले जनाएकोमा बाखाको बीमा गरेको प्रमाण पेश भएकालले बाखाको संख्या एकिन हुन सकेन । यस वर्ष खरिद गरेको ७२ बाखाको समेत बीमा पोलिसि पेश भएन। अत उक्ता कार्यक्रम संचालन गर्दा कम्तिमा १००० बाखा हुनुपर्नेमा मापदण्डभन्दा कम संख्यामा रहेको समुह छनौट गर्नु नियम सम्मत मान्न सकिदैन। साथै मौजुदा बाखा र खरिद गरेको बाखाको बीमा पोलिसिको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१४,४५,७१५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः लिखु गाउँपालिका, ओखलढुंगा , लिखु गाउँपालिका , ओखलढुङ्गा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रमुख प्रशासकिय अधिकृत श्री लिलाराज श्रेष्ठ	२०७८-५-३१	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखापाल (पाँचौ) श्री बलराम फुयल	२०७६-८-२४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेस्की
२,७८२,७५१	१०,२१६,००२	५,०२१,७८९	०	०	११०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.					१८,१३०,५४२
प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू.					०
संपरीक्षणबाट थप भएको बेरुजु रू.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.					१८,१३०,५४२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४२३१७९२८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९१०१७५९२	**चालु खर्च**	२५१३२०३९७
प्रदेश सरकारबाट अनुदान	२३१४१७१७	**पुँजीगत खर्च**	१४१२२८५७५
राजश्व बाँडफाँट	५८८३१४७१	**वित्तीय/अन्य व्यवस्था**	९०१२३१४.०
आन्तरिक आय	२६८०५७२.०		
अन्य आय	२६२०००.०		
कुल आय	३७५९३३३५२	**कुल खर्च**	४०१५६१२८६
बाँकी मौज्दात		१६६८९९९४	